# नेपालको नयाँ संविधान तथा पूनर्संरचना गरिएको राज्यमा सम्पदाको व्यवस्थापन
"Nepal's New Constituion and Governance of Heritage in a Restructured State"

(युनेस्को काठमाण्डौद्वारा Governance of Nepal's Heritage in A Federal System: The Role of Cultural and Natural Heritage Institutions in Nepal विषयमा २५ नोभेम्बर, २००९ मा आयोजित कार्यशालामा प्रस्तुत कार्यपत्र)

विपिन अधिकारी, पीएचडी
नेपाल कन्सल्टिङ लयर्स, इङ्क

## कार्यपत्र*

### (१) पृष्ठभूमि

नेपाल नयाँ संविधान बनाउने क्रममा छ । राज्यको पुनर्संरचनाको बहस चलिरहँदा पुनर्संरचना गरिएको नेपालमा राष्ट्रिय सम्पदा[1] सम्बन्धी आधारभूत संवैधानिक अवधारणा कस्तो हुने तथा त्यस्तो अवधारणालाई कार्यान्वयन गर्ने संगठनात्मक प्रारुपहरु कस्तो हुनेछन् भन्ने विषय यस क्षेत्रमा चासो राख्ने सबैका लागि महत्वपूर्ण विषय हो । देशको मुल कानुनको रुपमा रहेको संविधान सँधै बनाउने विषय होइन । अतः नयाँ संविधान बनाउँदै गरेको परिप्रेक्ष्यमा राष्ट्रिय सम्पदाको व्यवस्थापन सम्बन्धमा हालको संवैधानिक व्यवस्थालाई पुनर्मुल्याङ्कन गरी मुलुकको मुल कानुनमा परिवर्तित सन्दर्भसमेतलाई दृष्टिगत गर्दै आवश्यक सुधार गरी समयसापेक्ष रुपमा अगाडि बढ्न देशलाई पुनः एकपटक अवसर प्राप्त भएको छ ।

यसै पृष्ठभूमिमा यो कार्यपत्रले विशेष गरी हालसम्म नेपाल सरकारले उपभोग गरिरहेको सम्पदा व्यवस्थापन सम्बन्धी अधिकार (शक्ति) लाई परिवर्तित सन्दर्भमा अपनाइने प्रादेशिक सरकार तथा संरचनाहरु तर्फ कसरी निक्षेपीकरण (डिभोल्युसन) गर्दा नेपालको अलौकिक राष्ट्रिय सम्पदाको जगेर्ना गर्न सकिन्छ भन्ने सन्दर्भमा केही धारणाहरु राखेको छ । त्यस्तै यस कार्यपत्रले परिवर्तित सन्दर्भमा नयाँ संविधानले कस्तो संगठनात्मक व्यवस्था गर्दा सम्पदा व्यवस्थापनको मूलभूत उद्देश्य प्राप्त गर्न सकिएला भन्नेतर्फ पनि चर्चा गर्दछ ।

नयाँ संविधानका निर्माताहरुलाई यो कार्यपत्रबाट उत्पन्न छलफल, क्रिया तथा प्रतिक्रियाबाट उपयुक्त नीति निर्धारण गर्न सहयोग मिल्न सकोस् भन्ने यस कार्यपत्रको चाहना हो ।

### (२) अन्तर्राष्ट्रिय कानुन

राष्ट्रिय सम्पदा व्यवस्थापन केवल नेपालको आफ्नो चाँसोको विषय मात्र होइन । यस विषयमा नेपालको अन्तर्राष्ट्रिय दायित्वहरु पनि छन् । विश्व साँस्कृतिक तथा प्राकृतिक सम्पदा संरक्षण सम्बन्धी महासन्धि, १९७२[2] विश्व सम्पदा संरक्षण सम्बन्धमा पहिलो आधुनिक अन्तर्राष्ट्रिय कानुन हो । यसलाई नेपाल सरकारले जून २०, १९७८ मा स्वीकार गरिसकेको छ । नेपालको सन्धि ऐन, २०४७ बमोजिम यस अन्तर्राष्ट्रिय कानुनलाई लागु गर्नु नेपाल सरकारको कानुनी कर्तव्य हो । यस महासन्धिले प्रष्ट रुपमा समावेश गर्न नसकेका तथा विशेषगरी अमूर्त साँस्कृतिक निधिहरुसँग सम्बन्धित कतिपय विषयहरुलाई समावेश गर्दै सन् २००३ मा अमूर्त साँस्कृतिक सम्पदा संरक्षण गर्ने महासन्धि पनि अस्तित्वमा आइसकेको छ ।[3] यो महासन्धि सन् २००६ मा लागु भइसकेको छ । नेपाल सरकार यसलाई हस्ताक्षर गर्ने दिशातर्फ उन्मुख भइसकेको बताइन्छ । यसैका आधारमा मुलुकमा साँस्कृतिक नीति पनि बनाइँदै छ । यी

---

* This paper is a part of "Culture & Federlism Discussion Paper's" and is supported by UNESCO Nepal.

[1] For a recent handy work on the subject see T. Diwasa, C.M. Bandhu & B. Nepal, *The Intangible Cultural Heritage of Nepal: Future Directions* 6 - 16 (Kathmandu: UNESCO, 2007)

[2] Convention Concerning the Protection of the World Cultural and Natural Heritage (Adobted by the GEneral Conference at its seventeenth session, Paris, 16 november 1972)

[3] Convention for the Safeguarding of the Intangible Cultural Heritage (Paris, 17 Oct. 2003)

महासन्धिहरुलाई हस्ताक्षर गर्ने मुलुकले सन्धिबमोजिमको व्यवस्थालाई पालन गर्दै आफ्नो मुलुकमा रहेका विश्वसम्पदालाई संरक्षण तथा संवर्द्धन गर्नु पर्ने कर्तव्य निर्वाह गर्नु पर्दछ ।

### (३) वर्तमान संवैधानिक वस्तुस्थिति

नेपालमा आधुनिक मापदण्डको संविधानवाद तथा कानुनको शासनको प्रयोग सन् १९५०/५१ पछि मात्रै सुरु हुन्छ । तथापि सम्पदा संरक्षणका विषयहरुलाई लिएर बनेको पहिलो कानुन सन् १९५६ को प्राचिन स्मारक संरक्षण ऐन नै हो । सन् १९५०-५१ मा लागु भएको अन्तरिम शासन विधान तथा सन् १९५९ मा जारी गरिएको नेपाल अधिराज्यको संविधानले नेपालको शासनप्रणालीलाई आधुनिकीकरणतर्फ उन्मुख गर्न प्रशस्त फड्को मारेपनि राष्ट्रिय सम्पदा व्यवस्थापनको विषयमा न त ती मुल कानुनहरुमा संरचनागत प्रावधानहरु नै उल्लेख गरिएका थिए न त्यसमा यस सम्बन्धमा आवश्यक सांगठनिक व्यवस्थाका लागि कुनै नीति नियम नै उल्लेख गरिएको थियो । वास्तवमा तिनताका सम्पदा व्यवस्थापन जस्तो विषयलाई संविधानले विशेष महत्व दिएर हेर्ने अन्तर्राष्ट्रिय प्रचलन पनि स्थापित भइसकेको थिएन । त्यस पृष्ठभूमिमा सन् १९५६ मा जारी गरिएको प्राचीन स्मारक संरक्षण ऐनलाई एकमात्र विशेष कानुनी व्यवस्थाका रुपमा लिन सकिन्छ । अतः यस ऐनबाटै नेपालमा सम्पदा संरक्षणको आधुनिक अवधारणाले प्रवेश पाएको भन्न अत्युक्ति नहोला ।

सन् १९६२ मा नेपालको संविधान जारी हुँदा प्राचीन स्मारक संरक्षण ऐन लागु भएको करिव ६ वर्ष पुगिसकेको थियो । तर यस संविधानले पनि सम्पदा व्यवस्थापनका सम्बन्धमा केही विशेष निर्देशन दिन सकेन ।

सन् १९९० मा नेपाल अधिराज्यको संविधान लागु भएपछि यस सम्बन्धमा केही उल्लेखनीय प्रगति भए । यस संविधानमा पहिलोपल्ट *प्राकृतिक स्रोत तथा सम्पदा* भन्ने शब्दावलिले संविधानमा प्रवेश पायो । अमूर्त सम्पदाहरु सम्बन्धमा यस संविधानले *"नेपाल अधिराज्यमा बसोबास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि र संस्कृतिको संरक्षण र संवर्द्धन गर्ने अधिकार हुनेछ"* तथा *"प्रत्येक समुदायले बालबालिकालाई प्राथमिक तहसम्म आफ्नो मातृभाषामा शिक्षा दिने गरी विद्यालय सञ्चालन गर्न पाउनेछ"* भनी संस्कृति तथा शिक्षासम्बन्धी हकको प्रत्याभूति दिएको थियो (धारा १८) । यसै सन्दर्भमा यसले *"प्रत्येक व्यक्तिलाई प्रचलित परम्पराको मर्यादा राखी सनातनदेखि चलिआएको आफ्नो धर्मको अवलम्बल र अभ्यास गर्ने स्वतन्त्रता हुनेछ तर कसैले कसैको धर्म परिवर्तन गराउन पाउने छैन"* तथा *"प्रत्येक धार्मिक सम्प्रदायलाई कानुनबमोजिम आफ्नो स्वतन्त्र अस्तित्व कायम राखी आफ्नो धार्मिक स्थल र धार्मिक गुठीको सञ्चालन र संरक्षण गर्ने हक हुनेछ"* भन्दै धर्मसम्बन्धी हकलाई पनि प्रत्याभूति गरेको थियो । त्यसैगरी उक्त संविधानअन्तर्गत राज्यका नीतिहरुमा नेपालमै पहिलोपटक निम्न नीतिहरु कायम गरिएका थिए - [४]

(२) विभिन्न धर्म, जातजाति, सम्प्रदाय र भाषाभाषीहरुका बीच स्वस्थ्य एवम् सुमधुर सामाजिक सम्बन्ध विकसित गरी सबैको भाषा, साहित्व, लिपि, कला र संस्कृतिको विकासद्वारा देशको साँस्कृतिक विविधता कायमै राखी राष्ट्रिय एकतालाई सुदृढ गर्ने नीति राज्यले अवलम्बन गर्नेछ ।

(३) राष्ट्रिय हितअनुकुल उपयोगी एवम् लाभदायी रुपमा देशको *प्राकृतिक श्रोत तथा सम्पदाको* परिचालन गर्ने नीति राज्यले अवलम्वल गर्नेछ ।

(४) जनसाधारणमा वातावरणीय स्वच्छताको चेतना बढाई भौतिक विकाससम्बन्धी क्रियाकलापहरुद्वारा वातावरणमा पर्न जाने प्रतिकूल असरहरु पर्न नदिन एवम् वातावरणका संरक्षण गर्न राज्यले प्राथमिकता दिनेछ र दुर्लभ वन्यजन्तु, वन र वनस्पतिको विशेष संरक्षण गर्ने व्यवस्था गर्नेछ ।[५]

उपरोक्त संवैधानिक विकास अवश्य नै राष्ट्रिय सम्पदाको संरक्षण तथा प्रवर्द्धनका दृष्टिले महत्वपूर्ण थिए । तर उक्त संविधानले प्राकृतिक सम्पदाको संरक्षण तथा प्रवर्द्धनको सांगठनिक विकासका लागि कुनै संस्था तथा कार्यविधिहरुको व्यवस्था गर्न सकेको थिएन ।

---

[४] See S. Dhungel, B. Adhikari *et al*, *Commentary on The Nepalse Constitution* (Kathmandu:Delf, 1998)

[५] नेपाल अधिराज्यको संविधान, २०४७, धारा २६ को उपधारा (२), (३) र (४)

यसै पृष्ठभूमिमा नेपालको अन्तरिम संविधान, २०६३ ले पनि यहाँको परम्परा, जातजाति तथा भाषाभाषीहरुको सम्बन्धमा विभिन्न व्यवस्थाहरु उल्लेख गरेको छ । यो संविधानको धारा १७ को दफा (३) मा, *"नेपालमा बसोबास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र संवर्द्धन गर्ने हक हुनेछ"* भनि उल्लेख गरिएको छ । त्यस्तै धारा २३ को दफा (१) मा *"प्रत्येक व्यक्तिलाई प्रचलित सामाजिक एवं साँस्कृतिक परम्पराको मर्यादा राखी परापूर्वदेखी चलिआएको आफ्नो धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने हक हुनेछ"* भनेर उल्लेख गरेको छ । राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरु अन्तर्गत धारा ३५को दफा (३) मा *"विभिन्न धर्म, संस्कृति, जाति, समुदाय, सम्प्रदाय, उत्पत्ति र भाषाभाषीहरुका बीच समानता एवं सहअस्तित्वका आधारमा स्वस्थ र सुमधुर सामाजिक सम्बन्ध विकसित गरी सबैको भाषा, साहित्य, लिपि, कला र संस्कृतिको विकासद्वारा देशको साँस्कृतिक विविधता कायम राखी राष्ट्रिय एकतालाई सुदृढ गर्ने नीति राज्यले अवलम्बन गर्नेछ"* भनि प्रष्ट रुपमा उल्लेख गरिएको छ ।

अन्तरिम संविधानमा उल्लेखित राज्यका नीतिहरुमध्ये यी नीतिहरुले गहिरो अर्थ राख्दछन्:

(१) "राष्ट्रिय हितको अनुकूल उपयोगी एवम् लाभदायक रुपमा देशको प्राकृतिक स्रोत तथा सम्पदाको परिचालन गर्दा स्थानीय समुदायलाई प्राथमिकता दिइने नीति राज्यले अवलम्वन गर्नेछ ।"(धारा ३५(४))

(२) "मुलुकमा विद्यमान परम्परागत ज्ञान, सीप र अभ्यासको पहिचान र संरक्षण गर्दै त्यसलाई आधुनिकीकरण गर्ने नीति राज्यले अवलम्बन गर्नेछ ।" (धारा ३५(१८))

तर यस अन्तरिम संविधानमा पनि प्राकृतिक सम्पदाको संरक्षण तथा प्रवर्द्धनको सांगठनिक विकासका लागि प्रष्ट रुपमा कुनै संस्था तथा कार्यविधिहरुको व्यवस्था आउन सकेन ।

**(४) हाल कायम रहेका कानुनी संरचना तथा संगठन (इन्स्टिट्युसन) हरु**

मुलुकका आजसम्मका सबै संविधानहरु राष्ट्रिय सम्पदाका व्यवस्थापनको विषयमा सुस्पष्ट हुन नसके पनि सन् १९५०-५१ देखी यस सन्दर्भमा लगातार एउटा कानुनी प्रणाली भने नेपालमा विकासको क्रममा छ । यो विकास साधारण भने होइन ।

सन् १९५६ को प्राचीन स्मारक संरक्षण ऐन सातपटकको संशोधनसहित आजपनि बहालमा छ । यसका अतिरिक्त मुलुकमा सम्पदा व्यवस्थापनको विषयलाई अन्य विभिन्न ऐननियमहरुले नियमित गरेका छन् ।

प्राचीन स्मारक संरक्षण ऐनले मूलतः मूर्त सम्पदाहरुलाई व्यवस्थापन गरेको छ । प्राचीन स्मारकहरुको संरक्षण, पुरातात्विक वस्तुहरुको व्यापार र प्राचीन स्मारकहरु भएका ठाउँको उत्खननसमेतमा नियन्त्रण राखी प्राचीन स्मारकहरु र पुरातत्वसम्बन्धी ऐतिहासिक वा कलात्मक वस्तुहरुको उपलब्धि र संरक्षण गर्ने यसको उद्देश्य रहेको छ । यस ऐनअन्तर्गत सरकारले संरक्षित स्मारक क्षेत्र घोषित गर्न सक्छ । यसलाई वर्गीकरण गर्ने, यसको स्वामित्व, संरक्षण, ममर्त तथा जीर्णोद्धार, निजी स्वामित्वमा रहेका रहेका प्राचीन स्मारकहरुको संरक्षण, मर्मत तथा जीर्णोद्धारसम्बन्धी व्यवस्था, प्राचीन स्मारक स्थल तथा पुरातात्विक स्थलको संरक्षण, धार्मिक मन्दिर, गुम्बाआदिको सञ्चालनजस्ता व्यवस्था छन् । सरकारले निजी स्वामित्वमा रहेको प्राचीन स्मारक किन्न वा आफ्नो संरक्षणमा राख्नसक्छ । त्यसैगरी प्राचीन स्मारकको संरक्षणका लागि सरकारले जमिन खन्नबाट रोक लगाउन सक्ने, प्राचीन स्मारक र पुरातात्विक वस्तु वा क्युरियोको साटफेर, खरिदविक्रि, निकासी वा संग्रहमा प्रतिबन्ध लगाउने प्रावधानहरु पनि यस ऐनमा छ । यस ऐनमा पुराना मन्दिर तथा चैत्यहरु, दुर्लभ प्रकारका कलाको संरक्षणजस्ता विषयहरुलाई सम्बोधन गरिएको छ ।

सन् १९९१ को स्थानीय स्वायत्तता ऐनले यस ऐन बमोजिम स्थापित स्थानीय स्वशासनसम्बन्धी ग्रामीण विकास समिति, नगरहरु तथा जिल्ला विकास समितिहरुलाई आफ्नो क्षेत्रभित्रका विभिन्न भाषा, धर्म तथा संस्कृतिको

संरक्षण गर्ने जिम्मेवारी दिएको छ । स्थानीय निकायहरुका आफ्नै कोष पनि छन् तथा उनीहरुले बाहिरबाट पनि आर्थिक सहयोग लिन सक्दछन् । यी निकायहरुले कतिपय अवस्थामा स्थानीय गैरसरकारी संस्थाको सहयोग पनि लिन सक्दछन् तथा कतिपय अवस्थामा उनीहरुको कार्यमा आफ्नो सहयोग पनि जुटाउन सक्दछन् । सरकारद्वारा स्थापना गरिएका कतिपय विषयगत कोषहरु जस्तो लुम्बिनी विकास कोष, पशुपति क्षेत्र विकास कोष, बृहत जनकपुर विकास परिषद् तथा देवघाट, मनकामना, हलेसी, बौद्धनाथ, बुढानीलकण्ठ, पाथिभराजस्ता देवस्थलहरुलाई विकास गर्न बनाइएका विकास समितिहरुमा स्थानीय निकायका प्रतिनिधिहरु पनि हुन्छन् । त्यस्ता देवस्थल तथा साँस्कृतिक कार्यक्रमहरुमा उनीहरुले आर्थिक सहयोग पनि गरेका हुन्छन् । [६]

नेपालका वनजंगल तथा राष्ट्रिय निकुञ्ज तथा त्यहाँ भएका प्राकृतिक राष्ट्रिय सम्पदाहरुको संरक्षण तथा सम्वर्द्धन राष्ट्रिय निकुञ्ज र वनसम्बन्धी कानुनअन्तर्गत गरिएको छ । वन मन्त्रालयको यस सम्बन्धमा उल्लेख्य भूमिका छ ।

राष्ट्रिय सम्पदाको व्यवस्थापनका लागि मुलुकभित्र विभिन्न निकायहरु कार्यरत छन् । त्यसमध्ये सबैभन्दा अहम् भूमिका संघीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालयको छ । राष्ट्रिय सम्पदा चाहे मूर्त स्वरुपका हुन् वा अमूर्त स्वरुपका, ती सबैको सुरक्षा तथा संवर्द्धन गर्ने जिम्मेवारी यसै मन्त्रालयको हो । यस मन्त्रालयअन्तर्गत संस्कृति संरक्षण तथा संवर्द्धन विभाग रहेको छ । यसै विभागले साँस्कृतिक नीति, योजना, कार्यक्रमहरु बनाउनुका साथै कानुन तर्जुमासम्बन्धी कार्यहरुमा लाग्ने तथा अन्य सरकारी, गैरसरकारी तथा सामुदायिक संस्थाहरुसँग साँस्कृतिक सम्पदाको संरक्षणका सम्बन्धमा समन्वय गर्ने कार्य पनि गर्दछ । यस विषयमा अन्तर्राष्ट्रिय सन्धिहरुमा हस्ताक्षर गर्ने तथा दुइपक्षीय र बहुपक्षीय साँस्कृतिक सम्झौताहरु तयार गर्ने तथा सरकारलाई यस सम्बन्धमा परामर्श दिने कार्य पनि यसै मन्त्रालयले गर्दछ । यसका अतिरिक्त यस मन्त्रालयले परम्परागत संस्कृति तथा कलात्मक वस्तुहरुको संरक्षण तथा प्रवर्द्धन कार्यमा संलग्न सार्वजनिक तथा निजी साँस्कृतिक संघसंस्थाहरुलाई वित्तीय सहयोग पनि प्रदान गर्दछ । हाल यो मन्त्रालय माथि उल्लेख गरिएझैं अमूर्त साँस्कृतिक सम्पदाको संरक्षण गर्ने महासन्धि, २००३ लाई हस्ताक्षर गर्ने तयारीमा लागेको छ ।

संघीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय अन्तर्गतको पुरातत्व विभागको जिम्मेवारी पनि कम महत्वपूर्ण छैन । यसले सबै प्रकारका मूर्त साँस्कृतिक सम्पदाहरुको संरक्षणका लागि कार्य गर्दछ । यस विभागले काठमाण्डौ उपत्यकाभित्रका विभिन्न प्रकारका मूर्त तथा अमूर्त सम्पदाहरुको भण्डार पनि तयार तयार तथा अद्यावधि गर्दछ । यसका तीन क्षेत्रीय संग्रहालय छन् । यी संग्रहालयहरुमा विभिन्न जनजाति तथा लोकसमूहहरुका पोशाक तथा गरगहनाहरु पनि राखिएका छन् ।

नेपाल सरकारले भाषा तथा साहित्यसम्बन्धी प्रज्ञा प्रतिष्ठान, ललितकला प्रतिष्ठान तथा संगीत तथा नाट्यकला प्रतिष्ठानको पनि व्यवस्था गरेको छ । यसका लागि तीन अलगअलग ऐनहरु पारित गरिएका छन् । हरेक प्रतिष्ठानले आफूले समेटेका क्षेत्रहरुभित्र ऐनबमोजिमको भूमिका निर्वाह गर्दछ । संगीत तथा नाट्यकला प्रतिष्ठानको जिम्मेवारीमा लोकगीत, नृत्य, संगीत, नाटकहरुजस्ता सम्पदाहरुको विकास तथा प्रवर्द्धन पर्दछ ।

संस्कृतितर्फ उन्मुख अर्को संस्था साँस्कृतिक संस्थान हो । यसले नाट्यमञ्चनको कार्य गर्दछ । यस विषयमा यसले नाट्यकला, नृत्य तथा संगीतका विषयमा अल्पकालीन तथा दीर्घकालीन तालिम पनि प्रदान गर्दछ । यस अर्थमा मूर्त तथा अमूर्त साँस्कृतिक सम्पदाको विकास तथा प्रवर्द्धन कार्यमा यसको ठुलो महत्व छ ।

यसैगरी मुलुकभित्र यत्रतत्र छरिएर रहेका धार्मिक गुठीहरुको संरक्षण गर्ने उद्देश्यले धेरै वर्षदेखि नेपालमा गुठी संस्थान कार्यरत छ । सन् १९६४ को गुठी संस्थान ऐनले राजगुठी, नीजि गुठी र छुट गुठीका रुपमा गुठीहरुलाई वर्गीकरण गर्दै तिनीहरुको संरक्षणको विशेष व्यवस्था गरेको छ । यो धार्मिक, ऐतिहासिक तथा साँस्कृतिक

---

[६] उपरोक्त व्यवस्थाहरू आवश्यक समसामयिक सुधार गर्नुपर्ने विषयहरू पनि अनुसन्धानकर्ताहरूले उल्लेख गरेका छन् हेर्नुहोस्ः T. Diwasa, C.M. Bandhu & B. Nepal, *supra* note 1 at 35-41

क्रियाकलापलाई संरक्षण गर्ने एउटा केन्द्रिकृत ट्रष्ट हो । यसले विभिन्न परम्परा तथा चाँडवाडलाई निरन्तरता दिन सम्बन्धित समुदायहरुलाई आर्थिक सहयोग पनि उपलब्ध गराउँछ ।

त्यस्तै नेपालमा एउटा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको पनि स्थापना भएको छ । यो प्रतिलिपि अधिकार सम्बन्धी ऐन, २००२ अन्तर्गत स्थापित कार्यालय हो । यसले बौद्धिक तथा कलात्मक कार्यहरुको संरक्षण गर्दछ ।

परम्परागत रुपमा नेपालमा प्राकृतिक सम्पदाको संरक्षण तथा संवर्द्धनमा स्थानीय समुदायहरुको सहयोग महत्वपूर्ण रहँदै आएको छ । नृत्य, नाट्यकला, सामाजिक व्यवहार, संस्कृति, चाँडपर्व लगायतका विभिन्न परम्पराहरु नेपालको सामुदायिक जीवनमा विशेष अर्थ राख्दछन् । हरेक समुदायले तिनको संरक्षण गर्न खोजेको देखिन्छ । सरोकारवाला समुदायहरुले आफ्नो रुचिका विषयहरुमा संस्था तथा समितिहरु पनि खोलेर त्यस्ता सम्पदाहरुको संरक्षण गरी आएका छन् । कतिपय समुदायहरुले अमूर्त सम्पदाहरुको निरन्तरताको लागि कोष स्थापना गरेको पाइन्छ । त्यस्तै नेपाल साँस्कृतिक संघ, नेपाल लोकलय समाज, म्युजिक नेपाल तथा युवा र साँस्कृतिक क्लबहरु पनि स्थापना भएका छन् । यस्ता कतिपय संघसंस्थाहरुले लोकपरम्परा तथा लोकनाट्यकला, परम्परागत गीतसंगीतको क्षेत्रमा काम गरेका छन् । यस्तो संस्थाहरुको संख्या पचासभन्दा बढी भएको देखिन्छ । कतिपय समुदायमा घरजग्गा प्रदान गरी साँस्कृतिक तथा धार्मिक कृत्यका लागि गुठी स्थापना गर्ने चलन छ । यसले परम्परालाई बचाइराख्न मद्दत गर्दछ । अचेल गैरसरकारी संस्थाहरु (एनजीओ) ले पनि यसतर्फ प्रशस्त रुचि लिएको देखिन्छ । उनीहरुले आआफ्नो चाँसोका क्षेत्रमा जनपरिचालन पनि गर्दछन् ।

यो कानुनी संरचनाबाट के प्रमाणित हुन्छ भने उक्त सबै व्यवस्थाहरुको प्रयोग सामान्यतः केन्द्रीकृत ढाँचामा नै हुँदै आएको छ । विभिन्न संस्था वा समुदायहरुको संलग्नता भएको अवस्थामा पनि सरकारी पक्ष मुख्य नीति निर्धारणकर्ता वा प्रशासकको भूमिकामा रहेको देख्न सकिन्छ ।

सम्पदा संरक्षणमा महत्व राख्ने ती सबै कानुनहरु संशोधन हुँदै आएका छन् तथा आवश्यकता अनुसार तिनीहरुलाई परिमार्जन पनि गरिएको छ । त्यसैले सम्बद्ध पक्षहरुबाट वर्तमान प्रणालीको धेरै आलोचना वा नकारात्मक व्याख्या भएको पाइँदैन ।

केन्द्रीकृत ढाँचामै कानुन बनाइएको तथा तिनलाई केन्द्रीय सरकारी सन्यन्त्रहरुद्वारा नै प्रयोग गरिएको हुँदा प्रशासनिक सुगमताका साथै यस प्रणालीले न्युनतम सम्पदाको संरक्षणलाई एकोहोरो ढंगले कार्यान्वयन गर्ने स्थिति सधैं कायम रहन सकेको देखिन्छ । त्यस्तै सम्पदा संरक्षण तथा प्रवर्द्धनमा विभिन्न मन्त्रालय, विभाग तथा इकाइ (मल्टीपल एजेन्सी एप्रोच) हरुको प्रयोग हुँदै आएकाले प्रत्येक निकायको कामकारवाही स्वतन्त्रतापूर्वक आ-आफ्नो ढंगले हुँदै आएकोमा कुनै विवाद छैन ।

**(५) नयाँ संविधानले खेप्नुपर्ने चुनौतिहरु**

नयाँ संविधान निर्माणका लागि उपरोक्त अनुभवहरुको विशेष महत्व छ । सुधारात्मक दृष्टिकोणले उपरोक्त संवैधानिक तथा कानुनी व्यवस्थाहरुलाई हेर्दा केही सामान्य निष्कर्ष निकाल्न गाह्रो पर्दैन ।

यस सम्बन्धमा पहिलो शिक्षा हो - नेपालका आजसम्मका संविधानहरुले राष्ट्रिय सम्पदा व्यवस्थापनको विषयलाई चाहिएजति महत्व दिएर देशको मुल कानुनमा उल्लेख गर्न सकेका छैनन् । संविधानको संरचनामा केही प्रावधानहरु उल्लेखसम्म भए तापनि तिनीहरु अवधारणागत रुपमा प्रष्ट छैनन् । यस्ता प्रावधानहरुलाई कार्यान्वयन गराउन सक्ने सम्पदा संरक्षणको सांगठनिक पक्ष (संस्था तथा कार्यविधि) को व्यवस्था संविधानमै गरेको पाइँदैन । यसले राष्ट्रिय सम्पदा व्यवस्थापनको विषय त्यति महत्वपूर्ण होइन कि भन्ने अवश्य नै पारेको छ । दोस्रो, यस विषयलाई अनुभवका आधारमा विभिन्न ऐन कानुनहरु जारी तथा कार्यान्वयन गर्दै विभिन्न कोणबाट व्यवस्थापन गर्दै आएका छन् । सामान्यतः सम्पदा व्यवस्थापनको विषय विशिष्टीकरणमा आधारित भएकाले हरेक प्रकारको सम्पदाको

व्यवस्थापनको लागि विशिष्ट ऐन नियमको व्यवस्था तथा उपर्युक्त प्रयोजनका लागि आवश्यक सांगठनिक व्यवस्था जरुरी हुने तथ्यलाई कसैले अस्वीकार गर्न सक्दैन । तथापि राष्ट्रिय सम्पदाको संरक्षण तथा संवर्द्धनका लागि सबै क्षेत्रलाई अन्तर्राष्ट्रिय कानुन तथा आन्तरिक कानुनी पद्धति बमोजिम अनुगमन तथा मुल्याङ्कन गर्दै अन्तर्राष्ट्रिय ज्ञान तथा प्रविधिलाई लागु गराउने एउटा केन्द्रीय संयन्त्रको व्यवस्था नेपालमा आजसम्म हुन नसकेको तथ्य टड्कारै देखिन्छ । तेस्रो, विभिन्न विभाग तथा संस्थालगायतका व्यवस्थापन जिम्मेवारीका आधारमा प्रशासन भइरहेको राष्ट्रिय सम्पदाको संरक्षणको प्रवृत्ति मुल रुपमा केन्द्रीकृत नै रहेको पनि देख्न सकिन्छ । जस्तो सम्पदा संरक्षण तथा सम्वर्द्धनको विषय गैरसरकारी संस्था वा समुदायहरुलाई संलग्न गराउने संरक्षण तथा संगठनहरु कानुनी रुपमै व्यवस्था गरिएका छैनन् ।

स्थानीय निकायहरु केवल प्रत्यायोजित विषयहरुमा मात्र संलग्न हुन्छन् । कानुनमा उनीहरुको अधिकारमुखी संरचनाको अभाव नै छ । यो विषयलाई भविष्यमुखी भई हेर्नुपर्ने अवस्था छ ।

राज्यको पुनर्संरचना तथा शासनको केन्द्रीय, प्रादेशिक तथा स्थानीय निकायहरुमा आमजनताको सहभागिताको प्रश्न एउटा राजनैतिक प्रश्न मात्र नभई यसका व्यवस्थापनका पक्षहरु पनि छन् । आजका मितिसम्म नेपाललाई कस्तो प्रकारको प्रादेशिक ढाँचामा ढाल्दै लैजाने भन्ने प्रश्नको निर्णय भइसकेको छैन । तथापि मुलुकको चौध अञ्चल, पचहत्तर जिल्ला तथा पाँच विकास क्षेत्रको हालसम्मको अनुभवलाई अध्ययन गर्दै नयाँ प्रादेशिक संरचनाहरुको विकास गर्नु आजको चुनौति हो । यस चुनौतिलाई राष्ट्रिय सम्पदा - जो विभिन्न अर्थमा विश्वसम्पदा पनि हुन् - को उचित व्यवस्थापन संरक्षण तथा सम्वर्द्धनको उद्देश्यबाट पनि प्रेरित हुनुपर्छ । यो उद्देश्य पुरा हुन सकेन भने, अधिकारको बाँडफाँडले मात्र राष्ट्रिय सम्पदा संरक्षित रहन सक्नेछैन ।

त्यस्तै जनसमुदायको सहभागितामा मुलुकको मूर्त, अमूर्त तथा प्राकृतिक सम्पदाहरुको दिगो संरक्षण, उपयोग तथा ती स्रोतहरुको उपयोगबाट प्राप्त लाभको समन्यायिक वितरण सम्पदा व्यवस्थापनको मूल चुनौति हुन् । यसबाट मात्र त्यस्ता सम्पदाको अविच्छिन्न अस्तित्व राख्ने तथा भावी सन्ततिका लागि तिनलाई हस्तान्तरण गर्दै जाने कार्य सम्भव हुन्छ भन्ने अनुभवले देखाएको छ । राष्ट्रिय सम्पदा जहाँसुकै रहेतापनि यो राष्ट्रको धरोहरकै रुपमा रहोस् भन्ने चाहना हरेक सम्बृद्धशाली मुलुकको रहेको देखिन्छ । यो मान्यतालाई स्थापित गराउन राष्ट्रिय सरकारको अहम् भूमिका हुन्छ ।

अतः नेपालको आफ्नै विशिष्ट अनुभवलाई हेर्दा नेपालले नयाँ संविधानमार्फत निम्न विषयहरुमा ध्यान पुऱ्याउनु पर्ने देखिन्छः

- नेपालभरि उपलब्ध सम्पदाहरुको संरक्षण तथा संवर्द्धनको राष्ट्रिय नीति कसले बनाउने ?
- अति संवेदनशील अवस्थामा पुगिसकेका राष्ट्रिय सम्पदाहरु तथा तिनका विविधताहरुको संरक्षण कसले गर्ने ?
- कस्ता कस्ता राष्ट्रिय सम्पदाहरु सामान्यतः राष्ट्रिय सरकारले नै व्यवस्थापन गर्ने तथा कस्ता सम्पदाहरु अनिवार्य रुपमा प्रादेशिक क्षेत्रहरुको जिम्मा लगाउने ?
- प्राकृतिक सम्पदाहरुलाई संरक्षण गर्दै त्यसलाई धान्न सकिने गरी आयआर्जन गर्ने तुल्याउन वा ती सम्पदाको प्रयोगबाट आर्थिक लाभ प्राप्त गर्ने उपायहरुको बारेमा कसले निर्णय गर्ने ?
- नयाँ राष्ट्रिय सम्पदाहरुलाई विश्वसम्पदा सूचीमा समावेश गराउने सम्बन्धी उत्तरदायित्व ।
- सम्पदा संरक्षण तथा संवर्द्धनमा कानुनको शासन लागु गर्ने अन्तिम जिम्मेवारी कसको हुने ?
- आइएलओ कन्भेन्सन सम्बन्धी व्यवस्था उपरोक्त सम्बन्धमा कसरी सामञ्जस्य गर्ने ?
- खासगरी आदिवासी जनजाति समुदायलाई परम्परागत रुपमा उनीहरुले प्रयोग गर्दै आएको आफ्नो प्राकृतिक स्रोत, साधन र भूमिको दिगो संरक्षण, व्यवस्थापन तथा सुसूचित अर्थपूर्ण सहभागिताको लक्ष्य सम्पदा व्यवस्थापनसम्बन्धी नयाँ व्यवस्थामा कसरी लागु गर्ने भन्ने प्रश्न यहाँ महत्वपूण हु आउँछ ।
- प्रस्ताव प्रणालीले केन्द्र तथा प्रदेशबीच समन्वयकारी भूमिकाको खोजी कसले गर्ने भन्ने विषयको पनि जवाफ दिनुपर्ने छ ।

(६) शक्ति निक्षेपीकरणका केही दृष्टान्तहरु

प्राकृतिक सम्पदाको दृष्टिले एसिया तथा प्रशान्त क्षेत्रका धेरैजसो मुलुकहरु अति महत्वपूर्ण मानिन्छन् । नमुनाका रुपमा यहाँ तीनवटा महत्वपूर्ण मुलुकहरु - चीन, भारत तथा अस्ट्रेलियाको संविधानद्वारा प्रस्तावित तथा त्यहाँको सरकारद्वारा स्थापित कानुनी परिपाटीका बारेका चर्चा गरिएको छ ।

६.१ चीन

सिद्धान्ततः नेपालको उत्तरी छिमेक जनवादी चीन सनातनी मान्यताको दृष्टिले संघीय मुलुक मानिदैंन । तर चीनिया आर्थिक सुधारका वर्तमान प्रक्रियाहरु अन्तर्गत व्यापक रुपमा केन्द्रीय सरकारका शक्तिहरु, प्रादेशिक सरकार तथा स्थानीय इकाइहरुलाई निक्षेपीकरण गर्ने प्रक्रिया द्रुत रुपमा अघि बढेको देखिन्छ । आधुनिक चीनमा हरेक क्षेत्रलाई केन्द्रीय सरकारद्वारा स्थापित आर्थिक नीतिलाई प्रतिस्पर्धात्मक भई लागु गर्ने तथा आर्थिक समुन्नतितर्फ अघि बढ्ने अवसर दिइएको हुँदा राष्ट्रिय सम्पदाको संरक्षणतर्फ पनि मुलुकले गति लिएको देखिन्छ ।

चीन विश्व सम्पदाको दृष्टिले अति नै महत्वपूर्ण देश हो । यहाँ युनेस्कोद्वारा सूचीबद्ध गरिएको २७ वटा साँस्कृतिक, ७ वटा प्राकृतिक तथा ४ वटा मिश्रित विश्वसम्पदा स्थलहरु छन् ।[७] विभिन्न नयाँ सम्पदाहरु विश्वसम्पदाका रुपमा स्वीकार गर्ने तर्फ चीन जागरुक छ । यसले सन् १९७२ को महासन्धिलाई सन् १९८५ मा मात्र अनुमोदन गरेको हो ।

चीनमा सन् १९८२ मा लागु गरिएको वर्तमान संविधानको धारा ३० ले मुलुकलाई विभिन्न प्रदेश, स्वायत्त क्षेत्र तथा नगरपालिकाहरुमा विभाजन गरेको उल्लेख गरेको छ । प्रदेश तथा स्वायत्त क्षेत्रहरुलाई पनि प्रिफेक्चर, काउन्टी तथा स्वायत्त काउन्टी एवम् सहरहरुमा बाँडिएको छ । त्यसैगरी काउन्टी तथा स्वायत्त काउन्टीहरुलाई साना सहर, सामुदायिक (नेशनालिटि) साना सहरहरु तथा अन्य सहरहरुमा बाँडिएको छ । केन्द्रीय सरकार अन्तर्गत रहेका नगरपालिकाहरु तथा ठुला सहरहरुलाई जिल्ला तथा काउन्टीहरुमा विभाजन गरिएको छ । स्वायत्त प्रिफेक्चरहरुलाई काउन्टी, स्वायत्त काउन्टी तथा सहरहरुमा विभाजन गरिएको छ । सबै स्वायत्त क्षेत्रहरु स्वायत्त प्रिफेक्चरहरु तथा स्वायत्त काउन्टीहरु राष्ट्रिय स्वायत्त क्षेत्र हुन् । संविधानको धारा २२ ले राज्यले कला तथा साहित्य, पुस्तकालयहरु, संग्रहालय, साँस्कृतिक केन्द्र तथा अन्य साँस्कृतिक प्रतिष्ठानहरुलाई प्रवर्द्धन गर्नुपर्ने उल्लेख गर्दछ । राज्यले रमणीय तथा ऐतिहासिक महत्वका स्थलहरु, दुर्लभ साँस्कृतिक स्मारक तथा अवशेषहरु तथा चीनको ऐतिहासिक तथा साँस्कृतिक सम्पदाहरुका महत्वपूर्ण वस्तुहरुको संरक्षण गर्नु पर्ने पनि यस धारामा उल्लेखित छ ।

सन् १९२८ देखि नै रमणीय स्थल तथा प्राचीन अवशेषहरुलाई संरक्षण गर्ने नियमहरु चीनमा प्रयोगमा आएका थिए । सन् १९३५ मा उत्खननसम्बन्धी नयाँ नियमहरु पनि ल्याइए । यसमा विदेशी प्राज्ञिक संस्थाहरु तथा व्यक्तिहरुलाई पनि प्रयोग गर्न सक्ने गरी सोही वर्ष अर्को नियमावली पनि जारी गरियो । सन् १९६१ को कानुनले सम्पदा संरक्षण सम्बन्धमा अन्य आधुनिक व्यवस्थाहरु पनि गर्‍यो । सन् १९८२ मा चीनले साँस्कृतिक अवशेषको संरक्षणसम्बन्धी नयाँ कानुन जारी गरी राष्ट्रिय सम्पदाको संरक्षणतर्फ महत्वपूर्ण पहल गरेको देखिन्छ । यो कानुनलाई सन् २००२ मा संशोधन गरियो । यसै कानुनको रुपरेखाभित्र संस्कृति मन्त्रालय तथा साँस्कृतिक सम्पदासम्बन्धी राज्य प्रशासनले ३० वटा भन्दा बढी नियमावली तथा प्रशासनिक विनियमहरु जारी गरेको छ । त्यस्तै विभिन्न प्रकारका स्थानीय विनियमहरु पनि लागु भएका छन् । यसका अतिरिक्त साँस्कृतिक सम्पदाको संरक्षण सम्बन्धी चार अन्तर्राष्ट्रिय महासन्धिहरुलाई पनि चीनले स्वीकार गरेको छ । यसमध्ये एउटा साँस्कृतिक सम्पदाको स्वामित्वको अवैध आयात निर्यात तथा हस्तान्तरणलाई रोक्ने तथा निषेध गर्ने माध्यम सम्बन्धी १९७० को महासन्धि हो ।

---

[७] See http://whc.unesco.org/en/statesparties/cn

साँस्कृतिक अवशेषहरुको संरक्षण सम्बन्धमा चीनिया कानुनले संरक्षण निर्देशिका उल्लेख गरेको छ । यस निर्देशिकाले पहिले बचाउ वा संरक्षण गर त्यसपछि यसको विवेकसम्मत प्रयोग गर तथा प्रशासनलाई बलियो तुल्याउ भन्ने उल्लेख गर्दछ । डिसेम्बर, २००५ मा चीनको राज्यपरिषद्ले साँस्कृतिक सम्पदाको सशक्तिकरणका लागि एउटा नयाँ सर्कुलर जारी गरेको छ । यस अनुसार जनसरकारका सबै तहहरु तथा सम्बन्धित विभागहरुले साँस्कृतिक सम्पदालाई संरक्षण गर्नु पर्दछ भन्ने विषयलाई पूर्ण रुपमा स्वीकार गर्नेछन् तथा तिनको संरक्षणका लागि जवाफदेहिता वहन गर्ने तथा आवश्यकताहरु बुझ्ने छन् । सन् २००६ जून महिनाको दोस्रो शनिवारदेखि चीनले राष्ट्रिय साँस्कृतिक सम्पदा दिवस मनाउँदै आएको छ ।

## ६.२ भारत

गणतन्त्र भारतमा युनेस्कोबाट सूचीबद्ध गरिएका २२ वटा साँस्कृतिक तथा ५ वटा प्राकृतिक विश्वसम्पदाहरु छन् । अन्य कतिपय सम्पदाहरुका उत्खनन गर्ने तथा सूचीबद्ध गर्ने कार्य द्रुततर रुपमा हुँदैछ । [८]

गणतन्त्र भारत चीनभन्दा अलि बढी तथा अस्ट्रेलियाभन्दा अलि कम संघीय प्रवृत्तिको मुलुक मानिन्छ । यसको गठनका लागि संघीय रुपरेखालाई नै स्वीकार गरिएको छ । यो संघीयता एकअर्काबीच पारस्परिक आत्मनिर्भरता, कमजोर राज्य इकाइहरुलाई संरक्षण, केही राज्यहरुलाई विशेष व्यवस्था तथा केन्द्रीय सरकारको महत्वपूर्ण जिम्मेवारीमा आधारित छ । यसै नमुना बमोजिम भारतमा २८ वटा राज्य तथा सातवटा केन्द्र शासित क्षेत्रहरु छन् ।

भारतको संविधानको धारा ४९ अनुसार "संसदद्वारा बनाएको कानुन बमोजिम वा त्यसको मातहत राष्ट्रिय महत्व भएको वा घोषित गरिएको कलात्मक वा ऐतिहासिक रुचि भएको प्रत्येक स्मारक वा स्थान वा बस्तुको अवस्था अनुसार नष्ट, विरुपण, विनाश, स्थानान्तरण, व्ययन वा निर्यात गर्नबाट संरक्षण गर्नु राज्यको दायित्व हुनेछ भन्ने उल्लेख गरिएको छ । भारतको संविधानले केन्द्र तथा राज्यहरुका बीच उनीहरुका कार्यहरुको प्रष्ट रुपमा विभाजन गरेको छ ।

संविधानको सातौं अनुसूचीमा केन्द्र तथा राज्यको बेग्लाबेग्लै विषयहरुको सूची तथा एउटा साझा सूची गरी तीन प्रकारका सूचीहरुको व्यवस्था गरिएको छ । साँस्कृतिक सम्पदासंग सम्बन्धित विषयहरु केन्द्रीय सूची, राज्यसूची तथा साझासूची तीनवटै सूचीमा पर्दछन् । प्राचीन तथा ऐतिहासिक स्मारक (मनुमेन्ट) तथा अभिलेखहरु तथा पुरातात्विक स्थल (आर्कीओलोजिकल साइट) तथा अवशेषहरु जसलाई राष्ट्रिय महत्वको भनी संसदद्वारा बनाइएको कानुनले घोषणा गरेको हुन्छ ती सबै केन्द्रीय सूची (सूची १, विषय ६७) मा पर्दछन् । तर संसदबाट बनाइएको कानुन बमोजिम छुट्याइएका प्राचीन तथा ऐतिहासिक स्मारक तथा अभिलेखहरु अन्य राष्ट्रिय महत्वका स्मारक तथा अभिलेखहरु राज्यको सूचीमा पर्दछन् । यसबारे सूची २ को विषय १२ मा उल्लेख गरिएको छ । त्यस्ता पुरातात्विक स्थल तथा अवशेषहरु जो संसद्बाट बनाइएका कानुनअन्तर्गत राष्ट्रिय महत्वका भनी छुट्याइएका विषयहरुलाई साझा अनुसूचीमा राखिएको छ । यसका बारे अनुसूची ३ को विषय ४० मा उल्लेख गरिएको छ ।

केन्द्रीय सरकारले भारतीय आर्कीओलोजिकल सर्भेमार्फत संरक्षित स्मारकहरु तथा राष्ट्रिय महत्वका संरक्षित क्षेत्रहरुको हेरविचार गर्दछ । अन्य स्मारकहरु राज्यहरु अन्तर्गत पर्दछन् । राज्यहरुको आ-आफ्नै पुरातात्विक विभागहरु छन् । साझा सूचीमा परेका विषयहरुमा पनि केन्द्रीय सरकार उत्तरदायी हुन्छ । भारतको राष्ट्रपतिले (मन्त्रिमण्डलको सल्लाहमा) कुन विषय कुन विभागले हेर्ने भनेर तोकिदिएका हुन्छन् । एलोकेसन् अफ् विजनेस् रुल्सको नियम ३ अनुसार साँस्कृतिक विभागलाई साँस्कृतिक सम्पदा, प्राचीन स्मारकहरु पुरातात्विक तथा अवशेषहरु प्राचीन सरसामानसंग सम्बन्धित कानुनलाई कार्यन्वयन तथा लागू गर्ने अधिकार दिइएको छ । प्राचीन महत्वका विषयहरु (एन्टिक्वीटी) सम्बन्धी कानुनहरुको कार्यान्वयन गर्ने जिम्मेवारी पाएको संस्था आर्कीओलोजिकल सर्भे अफ् इन्डिया हो । यो पनि साँस्कृतिक विभाग अन्तर्गत नै पर्दछ । हालमा प्राचीन स्मारक तथा पुरातात्विक महत्वका विषयहरु समेतको

---

[८] See http://whc.unesco.org/en/statesparties/in

संरक्षण केन्द्रीय सरकारको कानुनद्वारा गरिएको छ । त्यसमध्ये एनिसेन्ट मनुमेन्ट्स् एण्ड आर्कीओलोजिकल साइट् एण्ड रिम्यान्ट्स एक्ट १९५८ तथा द एन्टिक्वीटिज् एण्ड आर्टट्रेजर्स् एक्ट १९७२ मुख्य हुन् ।

हालसालै भारतमा कायम रहेको राष्ट्रिय सम्पदासम्बन्धी व्यवस्थामा एउटा राष्ट्रिय आयोगको जरुरी भएको भन्ने आधारमा *नेसनल कमिसन फर हेरिटेज साइट बिल २००९* भारतको केन्द्रीय संसद्को माथिल्लो सदन राज्यसभामा पेस गरिएको थियो । हाल पनि एउटा समितिमा विचाराधीन रहेको यो विधेयकको प्रमुख उद्देश्य नै १९४२ को युनेस्कोको महासन्धिलाई लागु गर्न मद्दत गर्नु हो । यस विधेयकद्वारा प्रस्तावित आयोगको कार्यहरुमा केन्द्रीय सरकारद्वारा सिफारिस गरिएका सम्पदा स्थलहरुको रोष्टर कार्य गर्नु; त्यस्ता स्थलहरुको संरक्षण तथा व्यवस्थापनका लागि नीतिगत सल्लाह दिनु; वैज्ञानिक तथा प्राविधिक विकासका लागि आवश्यक कोर्सहरुको मापदण्डहरु कायम गर्नु; सम्पदा व्यवस्थापनका लागि मार्गदर्शन प्रदान गर्नु इत्यादि पर्दछन् । प्रस्ताव गरिएभैँ भारतीय संसद्बाट पारित भएमा यो आयोगले सम्पदा स्थलको मालिक वा त्यसलाई नियन्त्रण गर्ने व्यक्तिलाई त्यस्तो सम्पदा स्थललाई जोखिममा नपार्न वा क्षति नगर्न वा त्यस्तो भएको अवस्थामा मर्मत सम्भार गर्ने सम्बन्धमा निर्देशन दिन पाउने छ । अटेर गर्नेलाई सजाय गर्ने अधिकार पनि त्यस्तो आयोगलाई प्राप्त हुनेछ ।

## ६.३ अस्ट्रेलिया

अस्ट्रेलिया पनि चीन र भारत जस्तै विविधतायुक्त सम्पदा भएको मुलुक हो । वर्तमान अभिलेख अनुसार युनेस्कोले अस्ट्रेलियाको २ साँस्कृतिक, ११ प्राकृतिक तथा ४ मिश्रित सम्पदाहरुलाई विश्वसम्पदाका रुपमा सूचीकृत गरेको छ । [९]

अस्ट्रेलिया सनातनी रुपमै एउटा संघीय मुलुक हो । यहाँ नेपालको जस्तो एउटै सम्पूर्ण संविधान छैन । अस्ट्रेलियाको संविधानभन्दा धेरै ऐनहरुलाई बुझ्नुपर्छ । त्यसमध्ये सबैभन्दा महत्वपूर्ण *द कन्स्टिट्युसन अफ द कमन वेल्थ अफ अस्ट्रेलिया* हो । सन् १८९८-१९०० बीचमा गरिएको जनमत संग्रहहरुबाट अस्ट्रेलियाका जनताबाट यो संविधानलाई अनुमोदन गरी संयुक्त अधिराज्यको संसद्बाट पारित गरिएको थियो । अर्को महत्वपूर्ण ऐन *स्टाट्यु अफ वेष्टमिन्स्टर एडप्सन एक्ट, १९४२* तथा *अस्ट्रेलिया एक्ट, १९८६* पनि हो ।  अमेरिकी प्रचलनको अध्यक्ष्यात्मक सरकार तथा बिल अफ राइट्सलाई नअपनाए पनि राज्यहरुको स्वायत्तता केन्द्र तथा राज्यहरुबीचको सम्बन्धको स्पष्ट रुपरेखा तथा विवादास्पद विषयहरुमा न्यायिकशक्तिको आज्ञाबमोजिम चल्ने प्रतिबद्धता अस्ट्रेलियाको संघीय व्यवस्थाको आकर्षण हो । हाल अस्ट्रेलियामा राजधानी क्षेत्र, न्यु साउथ वेल्स, उत्तरी क्षेत्र, क्वीन्स्ल्याण्ड, दक्षिणी अस्ट्रेलिया, तास्मानिया, भिक्टोरिया तथा पश्चिमी अस्ट्रेलियासमेत गरी आठवटा राज्य इकाइहरु छन् । त्यसैले अस्ट्रेलियाको राष्ट्रिय सम्पदासम्बन्धी कानुन भन्ने बित्तिकै राष्ट्रिय सरकारले बनाएको कानुन तथा सम्बन्धित राज्यले बनाएको कानुन दुवैलाई बुझ्नुपर्दछ ।

युनेस्कोको वेबसाइटमा हाल अस्ट्रेलियामा १९ वटा विभिन्न थरीका ऐन, कानुन तथा नियमहरु लागु रहेको उल्लेख गरिएको छ । त्यसमध्ये चलायमान साँस्कृतिक सम्पदा संरक्षण सम्बन्धी ऐन, १९८६, विश्वसम्पदाका विषयहरु संरक्षण ऐन, १९८३, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, १९७५, पुरातात्विक तथा आदिवासी अवशेष संरक्षण ऐन, १९८३ इत्यादि ऐन तथा यसअन्तर्गत बनेका नियम विनियमहरु महत्वपूर्ण छन् ।

अस्ट्रेलियाको संविधानको धारा ५१ ले राष्ट्रिय (कमनवेल्थ) संसदको कानुन निर्माण सम्बन्धी अधिकारलाई उल्लेख गरेको छ । धारा ५१ ले केवल त्यस्ता अधिकारहरुको उल्लेख गरेको छ, जो कमनवेल्थको आफ्नो अधिकार हो । राज्य इकाइका संसद्ले उक्त सम्बन्धमा कानुन बनाउन पाउँछ । तर यी दुईको कानुन आपसमा बाझिन गएमा कमनवेल्थकै कानुन सदर हुने व्यवस्था छ । सामान्यतया उल्लेख नगरिएका अवशिष्ट शक्तिहरुलाई नै राज्यको शक्ति मानिन्छ ।

---

[९] See http://whc.unesco.org/en/statesparties/au

वास्तवमा अस्ट्रेलियाको संविधान हेर्दा राष्ट्रिय सम्पदाको संरक्षणका बारेमा दफा ५१ ले केही उल्लेख गरेको देखिँदैन । अतः सैद्धान्तिक रुपमा यो मान्नुपर्ने हुन्छ कि राष्ट्रिय सम्पदा सम्बन्धित राज्यविशेषको आफुखुशी गर्न पाइने विषय । तर अस्ट्रेलियाको संवैधानिक परम्पराले यो लेखाईलाई पुष्टि गर्दैन । सन् १९९९ मा पारित गरेको वातावरण संरक्षण तथा जैविक विविधता संरक्षण ऐन कमनवेल्थ सरकारको एउटा महत्वपूर्ण ऐन हो । यसले राष्ट्रिय सभा तथा अन्तर्राष्ट्रिय रुपमा महत्वपुर्ण जीवजन्तु, वनस्पति, पर्यावरणीय समुदायहरु तथा सम्पदा स्थलहरुको संरक्षण तथा व्यवस्थापनबारे व्यवस्था गर्दछ ।

संरक्षण तथा संवर्द्धन गर्नुपर्ने प्राकृतिक सम्पदासम्बन्धी स्थलहरु सार्वजनिक रुपमा वा व्यक्तिगत स्वामित्वमा हुन सक्छन् । जोसुकैको स्वामित्वमा भए तापनि सम्बन्धित व्यवस्थापकको दैनिक उत्तरदायित्व तथा व्यवस्थापनमा त्यस्ता क्षेत्रहरु रहेका हुन्छन् । ऐतिहासिक रुपमा अत्यन्त मूल्यवान राष्ट्रिय सम्पदामा भएका विषयहरुमध्ये कतिपय विषयहरु केन्द्रीय सरकारको विभाग अन्तर्गत रहेका छन् । जस्तो अस्ट्रेलियाको प्वाइन्ट कुक एअरबेस प्रतिरक्षा विभागको व्यवस्थापनमा छ भने पुरानो संसद भवन प्रधानमन्त्री तथा मन्त्रिमण्डलका कर्मचारीहरुको नियन्त्रणमा छ । त्यस्तै किङ्गस्टन तथा अर्थर्स् भेल ऐतिहासिक क्षेत्र राष्ट्रिय सरकारको व्यवस्थापनमा छ ।

त्यसैगरी कतिपय राज्यसरकारहरुले पनि राष्ट्रिय सम्पदासम्बन्धी स्थानहरुको स्वामित्व तथा व्यवस्थापनमा राखेका छन् । जस्तो सिड्नीको पहिलो सरकारी भवन न्यु साउथ वेल्स सरकारले व्यवस्थापन गरेको छ । त्यहाँको सरकारले एउटा ट्रस्ट स्थापना गरी कला, खेलकुद तथा मनोरञ्जन विभाग अन्तर्गत राखिएको छ । सिड्नीको ओपेरा हाउस पनि न्यु साउथ वेल्स सरकारले नै राखेको छ । तर यो स्थलको व्यवस्थापन तथा प्रशासन एउटा ट्रस्टबाट गरिन्छ । त्यसैगरी रिप्पन लि भवन तथा बँगैचा भिक्टोरिया राज्यको एउटा ट्रस्टले हेर्दछ । ब्रिकेन्डन र उल्मर्स इस्टेटहरु तास्मानिया राज्यमा रहेका छन् । तर व्यक्तिगत स्वामित्वमा छन् । कतिपय आदिवासी जनजातिसँग सम्बन्धित सम्पदाहरुको व्यवस्थापनमा सम्बन्धित समुदायको सहभागिता सुनिश्चित गरिएको छ । कतिपय विषयमा राष्ट्रिय सरकार, राज्यसरकार र स्थानीय बासिन्दाहरुको पनि सहव्यवस्थापन छ । स्थानीय सरकारकै नियन्त्रणमा पनि कतिपय सम्पदाहरु छन् । त्यसो हुनाले आजको अस्ट्रेलियामा कुन सम्पदाको संरक्षण तथा प्रवर्द्धन कोबाट वा कसरी गर्दा बढी फलदायी हुन्छ भन्ने आधारमा निर्णयहरु गरिएको देखिन्छ । सबैलाई प्रयोग हुने एउटै अकाट्य नियम भने छैन ।

अस्ट्रेलियाले हालै अपनाएको एउटा विशेष व्यवस्था भनेको अस्ट्रेलियन हेरिटेज काउन्सिल एक्ट, २००३ अन्तर्गत स्थापित अस्ट्रेलियन हेरिटेज काउन्सिल हो । यसभन्दा अगाडि अस्ट्रेलियन हेरिटेज कमिसन भन्ने एउटा आयोग कार्यरत थियो । यो काउन्सिल सम्पदा सम्बन्धी विषयमा अस्ट्रेलिया सरकारको स्वतन्त्र विशेषज्ञहरुको परामर्शदातृ निकाय हो । सन् २००४ देखि यो काउन्सिल कार्यरत छ । यो काउन्सिलले प्रमुख सम्पदासम्बन्धी कार्यक्रमहरुको मूल्याङ्कन, सल्लाह, नीतिनिर्माण तथा सहयोग सम्बन्धमा अहम् भूमिका खेल्दछ । यसमा अध्यक्षबाहेक ६ जना सदस्यहरु हुने गर्छन् । सबैको नियुक्ति सम्बन्धित मन्त्रीबाट गरिएको हुन्छ । यसरी नियुक्ति गर्दा अध्यक्ष सम्पदासम्बन्धी विषयको विशेषज्ञ हुनुपर्ने बाध्यता छ भने दुई सदस्यहरु प्राकृतिक सम्पदा, अन्य दुई ऐतिहासिक सम्पदा तथा बाँकी दुई आदिवासीहरुको सम्पदा सम्बन्धी विषयमा विशेष दक्षता वा दखल भएका आदिवासी व्यक्तिहरु हुन्छन् । यी दुई मध्ये पनि एउटा आदिवासी जनताहरुको हितलाई प्रतिनिधित्व गर्न सक्ने हुनुपर्छ ।

## ६.४ केही महत्वपूर्ण पक्षहरु

उपरोक्त नमुनाहरुले सोच्नका लागि केही खुराक दिन्छन् । वस्तुतः हरेक मुलुकको संवैधानिक कानुनी प्रणाली आ-आफ्नो आवश्यकता तथा परिस्थितिको उपज हुन्छ । नेपालको पनि आफ्नै किसिमको आवश्यकता तथा परिस्थिति छ । नेपालमा राष्ट्रिय सम्पदाहरु प्रचुर मात्रामा छन् । चाहे त्यस्ता सम्पदाहरु मूर्त रुपमा हुन् वा अमूर्त रुपमा तिनको विविधता, संरक्षण तथा सम्वर्द्धनले त्यत्तिकै महत्व राख्दछन् । आर्थिक रुपमा कमजोर मुलुकमा आर्थिक कारणले व्यवसायिकतालाई असर गरिरहेको हुन्छ । कार्यसँस्कृति पनि अर्को सान्दर्भिक विषय हो । त्यस्तै स्वशासन तथा स्वायत्तता क्रमशः अनुभव गर्दै संस्थागत गराउनुपर्ने हुन्छ ।

सर्सति हेर्दा माथि विवेचना गरिएको तीनै मुलुकहरुमा सम्पदा संरक्षणका वृहत तथा सांगठनिक  व्यवस्था विद्यमान देखिन्छन् । चीन र भारतमा यस विषयलाई संवैधानिक रुपमा उल्लेख गरिएको छ भने अष्ट्रेलियामा अमूर्त सम्पदाका हकमा बाहेक त्यति प्रष्ट व्यवस्था देखिँदैन । यी ३ वटै मुलुकमा सम्पदा व्यवस्थापनको उद्देश्य एउटै भए पनि कार्यप्रणाली भने अलग छन् । चीनको शासकीय व्यवस्था मुलतः केन्द्रीकृत प्रकृतिको भए पनि एउटा विशाल मुलुकको रुपमा शक्तिलाई नियोजित रुपमा प्रत्यायोजन वा निक्षेपीकरण गर्ने प्रवृत्ति चीनमा देखिएको छ ।

केन्द्रीयता एउटा पुरानो अवधारणा हो । त्यस्तो अवधारणाले मुलुकमा उठिरहेको केन्द्रीय शक्तिको निक्षेपिकरणको माग तथा मुलुकको आदिवासी जनजाति, दलित, पछाडि परेका वर्ग वा सिमान्तकृत समुदायको सशक्तिकरणको चाहनालाई सम्बोधन गर्न सक्दैन । चीनियाहरुको जस्तो एकीकृत प्रणालीमा पनि सम्पदा व्यवस्थापनमा शक्तिको निक्षेपीकरणको अनिवार्यतालाई चीनिया परम्परामा स्वीकार गरिएको देख्न सकिन्छ । अन्ततः राष्ट्रिय सम्पदा संरक्षण तथा सम्वर्द्धनको उद्देश्य पूर्ति हुनैपर्छ । यो उद्देश्य पूर्ति हुन सकेन भने सुधार वा नवनिर्माणको उद्देश्य प्राप्त गर्न सकिँदैन । यस अर्थमा वर्तमान नयाँ संविधान निर्माणनको बेला सम्पदा सम्बन्धी शासन प्रणाली (गवर्नान्स्) लाई अझ बलियो बनाउने अवसरको अर्थपूर्ण प्रयोग गर्न सकिन्छ ।

भारतीय पद्धति नेपाली वा चीनिया परम्पराभन्दा अलि अघि बढेको देखिन्छ । भारतीय संविधानले नै सम्पदा व्यवस्थापनको विषयलाई मुलुकको संघीय ढाँचामा शक्तिको वितरण गर्ने केन्द्रीय, प्रान्तीय तथा साझा सूचीमा समान रुपमा उपस्थित गराई दिएको छ । अर्को अर्थमा सम्पदा व्यवस्थापनको विषयमा दुवै शासकीय स्तरमा काम गर्न सकिन्छ । यस संघीय ढाँचामा एकअर्कासँग समन्वय गर्नुको विकल्प हुँदैन । यो तरिका भारतमा दक्षतापूर्वक नै प्रयोग भएको मानिन्छ ।

अर्कोतर्फ अष्ट्रेलियाले पनि एउटा विशाल मुलुकको रुपमा सम्पदा व्यवस्थापन तथा यस सम्बन्धी  शासकीय नीतिलाई संघीय ढाँचामै राखेको छ । जस्तो माथि उल्लेख गरियो अष्ट्रेलियाको संविधानले सम्पदाको विषयलाई अलग रुपमा उल्लेख नगरेपनि त्यहाँ विकसित भएको व्यवस्थापन प्रणाली तथा संस्थागत संरचनामा कुन सम्पदाको संरक्षण तथा प्रवर्द्धन कोबाट वा कसरी गर्दा बढी फलदायी हुन्छ भन्ने आधारमा निर्णय भएको देखिन्छ । चीन, भारत तथा अष्ट्रेलिया तीनवटै मुलुकहरुले सम्पदा व्यवस्थापनका सम्बन्धमा सबैलाई एउटा संस्था वा प्रणालीमा समाहित नगरी 'मल्टिपल एजेन्सी एप्रोच' नै अपनाएको देखिन्छ । तर अष्ट्रेलियाले केही वर्ष अगाडि सम्पदा व्यवस्थापन सम्बन्धी विषयमा विशेषज्ञको बलियो भूमिकालाई स्वीकार गरेको देखिन्छ । भारत पनि यस तर्फ उन्मुख छ भन्दा अत्युक्ति हुँदैन । यो पक्ष नेपालका लागि निश्चय नै विचारयोग्य हो ।

**(७) सुधार तथा नवनिर्माणका अवसरहरु**

उपयुक्त सामान्य विदेशी दृष्टान्तहरु तथा आफ्नै अनुभवहरुका आधारमा नेपालको नयाँ संविधान निर्माण गर्दा विद्यमान संविधानको प्रावधानहरुमा निम्न विषय स्पष्ट रुपमा उल्लेख गर्नु जरुरी हुनेछः

> "जनसमुदायको सहभागितामा मुलुकको प्राकृतिक, ऐतिहासिक तथा साँस्कृतिक स्रोत तथा सम्पदाहरुको दिगो संरक्षण, प्रवर्द्धन, उपयोग तथा त्यस्ता स्रोत तथा सम्पदाहरुको उपयोगबाट प्राप्त लाभको समन्यायिक वितरण गर्दै सम्पदा व्यवस्थापन गर्नु राज्यको नीति हुनेछ ।"

उक्त नीतिलाई नयाँ संविधानको निर्देशक सिद्धान्त अन्तर्गत राख्न सकिन्छ । यस नीतिसँगै राष्ट्रिय सम्पदाको व्यवस्थापनका लागि स्थानीय समुदाय र प्रादेशिक स्थानीय सरकारको क्षमता अभिवृद्धि गर्ने र तिनको महत्वका सन्दर्भमा सर्वसाधारणलाई सुसूचित गर्नु, सचेतना अभिवृद्धि गर्नु राज्यको कर्तव्य हो भनि उल्लेख गर्न सकिन्छ ।

यस भूमिकाको उच्चतम प्रयोगका लागि नेपालले अपनाउने केन्द्र तथा प्रदेशबीचको शक्तिको बाँडफाँड वा निक्षेपीकरणको प्रक्रियामा पनि राष्ट्रिय सम्पदाको संरक्षण तथा संवर्द्धन कार्यमा केन्द्रीय सरकार तथा प्रादेशिक सरकार दुवैको पारस्परिक सहयोग तथा साझेदारीको आवश्यकता हुनेछ । परिवर्तित सन्दर्भमा केही विशेष प्रकारका राष्ट्रिय

सम्पदाहरुलाई केन्द्रीय सरकारअन्तर्गत राखी बाँकी विषयहरु प्रादेशिक सरकारहरुको जिम्मेवारीमा छोड्नु जरुरी छ । यसबाट मुलुकलाई दुइवटा प्रष्ट फाइदाहरु हुनेछन् । पहिलो प्रादेशिक सरकारहरुले आफ्नै नेतृत्वमा आफ्नो प्रादेशिक क्षेत्रमा सम्पदाहरुको दक्षतापूर्वक संरक्षण र संवर्द्धन गर्न पाउनेछन् । यसले स्थानीय जनतालाई स्वशासन तथा सशक्तिकरणको अनुभूति दिनेछ । दोस्रो, प्राकृतिक सम्पदाको मूलभुत पक्षहरुमा प्रादेशिक क्षेत्रहरुलाई शक्ति निक्षेपीकरण गरिसकेपछि केन्द्रीय (राष्ट्रिय सरकार) लाई आफ्नो समय आफुलाई छुट्याइएको सिमित क्षेत्रको व्यवस्थापनमा खर्चिन अझ सहज हुनेछ । यसका लागि बढी संवेदनशील, संरक्षणका लागि बढी जिम्मेवारी तथा खर्चिलो प्रकारका सम्पदाहरु केन्द्रीय सरकारले आफ्नो मातहतमा कायम राख्ने व्यवस्था गर्न सकिन्छ । जस्तो विश्वसम्पदा सूचीमा कायम गरिएका सम्पदाहरुलाई केही वर्षका लागि राष्ट्रिय सरकारले आफ्नै जिम्मेवारीमा राख्न सक्छ ।

विश्वसम्पदा सूचीमा परेका सम्पदाबाहेक पनि नेपालमा अन्य सयौँ महत्वपूर्ण सम्पदाहरु छन् । त्यस्ता विषयहरुका सम्बन्धमा हाल केन्द्रीय सरकारले उपभोग गरेको सम्पूर्ण शासकीय शक्तिहरु केन्द्रीय सरकार तथा सम्बन्धित प्रदेशबीच वार्ताको प्रक्रियाद्वारा कायम रहेका ऐनअन्तर्गत नै वा केन्द्रीय संसदद्वारा पारित नयाँ कानुनबमोजिम सम्बन्धित प्रदेशलाई हस्तान्तरण गर्न सकिन्छ । निक्षेपीकरणको मुख्य उद्देश्य पनि यही हो । हस्तान्तरण प्रक्रियाका विभिन्न आधारहरु हुनसक्दछन् । विशेषगरी सम्बन्धित सम्पदाको संरक्षण तथा संवर्द्धनका लागि स्थानीय क्षमता, मानवीय तथा भौतिक संसाधन, आर्थिक स्रोत तथा त्यसलाई आर्थिक आयस्रोतको रुपमा रुपान्तरण गर्न सक्ने क्षमता अत्याधिक जरुरी हुन्छ । त्यस्तो सम्पदालाई प्रशासन तथा व्यवस्थापन गर्न स्थानीय कानुन जरुरी हुने भएमा शक्ति निक्षेपीकरण गर्नुभन्दा अगाडि त्यस्तो कानुनको निर्माण गर्नुपर्ने आवश्यकता पनि हुन्छ । कतिपय विषयहरुमा प्रादेशिक सरकार नै सम्पदा संरक्षणको विषयमा शक्तिको प्रयोग गर्न नचाहने वा केही समयसम्म केन्द्रीय सरकारबाटै सो कार्य भइरहोस् भन्ने चाहना राख्न सक्छ । यस्तो अवस्थामा संविधानले आफुलाई प्रदान गरिएको अधिकार पनि केन्द्रलाई नै प्रयोग गर्न अनुरोध गर्न सक्दछ । यसलाई 'रेफरल पावर' भन्न सकिन्छ ।[१०]

त्यस्तै कतिपय क्षेत्र यस्ता हुनसक्दछन्, जसमा केन्द्र सरकार तथा प्रादेशिक सरकारबीच सह-स्वामित्व वा सह-व्यवस्थापनका आधारमा नै हिँड्नु सम्पदा संरक्षणका दृष्टिले सही हुन सक्छ । तर यस्ता परिस्थितिहरुमा पनि निर्णय प्रक्रियामा प्रादेशिक क्षेत्रहरुको प्राथमिकतालाई मध्यनजर गर्दै हेर्नुपर्ने हुन्छ । यस पद्धतिले स्थानीय सहभागिताको विषयलाई सुरक्षित गर्न सक्नेछ । समग्रमा भन्दा -

- नेपालभरि उपलब्ध सम्पदाहरुको संरक्षण तथा संवर्द्धनको मूल राष्ट्रिय नीति कसले बनाउने भन्ने प्रश्नमा यो भूमिका केन्द्रीय सरकारले नै निर्वाह गर्नु उपयुक्त देखिन्छ । तर यस्तो भूमिका निर्वाह गर्दा यो प्रक्रिया प्रादेशिक संरचनाहरुका लागि सहभागितामुलक हुनु जरुरी छ ।

- जो जुन कामका लागि क्षमतावान छ त्यसले त्यही काम गर्ने (थ्योरी अफ सब्सिडियारिटि) नियम सम्पदा व्यवस्थापनका लागि पनि विशेष अर्थ राख्दछ । अति संवेदनशील अवस्थामा पुगिसकेका राष्ट्रिय सम्पदाहरु तथा तिनका विविधताहरुको संरक्षण कसले गर्ने भन्ने सम्बन्धमा चाहिँ केन्द्र र प्रदेशहरुबीच संवादको जरुरत हुनेछ । यो निरन्तर प्रक्रिया हो । यो संवादका आधारहरु प्रष्ट छन् । त्यस्ता सम्पदाहरुको संरक्षणलाई प्रमुख उद्देश्य मान्दै यो प्रश्नको जवाफ खोज्नुपर्ने हुन्छ । यस सम्वन्धमा प्रदेशहरुलाई जिम्मेवारी दिने हो भने केन्द्रीय सरकारले सम्बन्धित प्रदेशको सो बमोजिम व्यवस्थापन गर्ने क्षमतालाई सहयोग प्रदान गर्नुपर्ने हुन्छ । त्यसैगरी प्राकृतिक सम्पदाहरुलाई संरक्षण गर्दै त्यसलाई धान्न सकिने गरी आयआर्जन गर्ने तुल्याउन वा ती सम्पदाको प्रयोगबाट आर्थिक लाभ प्राप्त गर्ने उपायहरुको बारेमा पनि यसै आधारमा निर्णय गर्नुपर्ने हुन्छ ।

- नयाँ राष्ट्रिय सम्पदाहरुलाई विश्वसम्पदा सूचीमा समावेश गराउने सम्बन्धी उत्तरदायित्व केन्द्रीय सरकारको हो ।
- सम्पदा संरक्षण तथा संवर्द्धनमा कानुनको शासन लागु गर्ने प्राथमिक जिम्मेवारी प्रादेशिक सरकारको तथा अन्तिम जिम्मेवारी केन्द्रीय सरकारको हुने व्यवस्था गर्न सकिन्छ ।

[१०] उदाहरणका लागि हेर्नुहोस् अस्ट्रेलियाको *द कन्स्टिट्युसन अफ कमनवेल्थ*को दफा ५१ (३७)

यसै परिप्रेक्ष्यमा नेपालको आदिवासी जनजातिका केही वर्तमान परिप्रेक्ष्य पनि छन् । खासगरी आदिवासी जनजातिहरुको सन्दर्भमा इण्टरनेसनल लेवर अर्गनाइजेसन (आइएलओ) को कन्भेन्सन १६९ बमोजिमका विकासउन्मुख नियमहरुलाई पनि नयाँ संविधानले आत्मसात् गर्नुपर्ने हुन्छ । विभिन्न सम्पदाहरु विभिन्न समुदायसँग भावनात्मक सम्बन्ध राख्दछन् । त्यसैले आवश्यकता बमोजिम त्यस्तो सम्पदाको संरक्षण, संवर्द्धन तथा व्यवस्थापनमा त्यस्तो समुदायसमेतको सहभागिता सुनिश्चित गर्नु प्रत्येक सम्पदा सम्बन्धी परियोजनाको लक्ष्य हुनुपर्दछ । अतः सम्पदा व्यवस्थापनसमेतलाई ध्यानमा राख्दै प्रत्येक प्रादेशिक क्षेत्रमा रहेका आदिवासी जनजातिका सम्बन्धमा उक्त प्रादेशिक क्षेत्रको प्रादेशिकसभाले स्थानीय आवश्यकता अनुसार कानुन बनाइ निम्नबमोजिमका सकारात्मक अधिकारहरु सुनिश्चित गर्न सक्ने व्यवस्था प्रस्ताव गर्न सकिन्छः

(क)आदिवासी जनजातिहरुको अस्तित्व, मानव अधिकार, आधारभूत स्वतन्त्रता, आफ्नो चलिआएको रीतिरिवाज, परम्परागत कानुनको सम्मान, आफ्नो विषयमा वा आफूलाई प्रत्यक्ष प्रभाव पार्ने विषयमा परामर्श, छलफल र सहभागी हुन पाउने अधिकार;

(ख) भूमि तथा प्राकृतिक स्रोत-साधनमाथिको अधिकार, शिक्षामा समान पहुँचको अधिकार, रोजगारीको समान अवसर र पहुँचको अधिकार, ट्रेड युनियन गठन गर्न पाउने अधिकार, स्वास्थ्य एवं परम्परागत उपचार विधिलाई संरक्षण, सम्वर्द्धन गर्न पाउने अधिकार, सामाजिक सुरक्षा एवं सीमा वारपार गर्न पाउने अधिकार र आदिवासी जनजातिहरुको प्रथा र प्रथाजनित कानुनलाई निरन्तरता दिने अधिकार;

(ग) अन्य जातिहरु सरह सबै प्रकारको नीति निर्माण गर्ने, निर्वाचित तथा अरु नीति तथा योजना बनाउने निकायहरुमा आदिवासी जनजातिहरुले समान सहभागी हुन पाउने अधिकारको प्रत्याभूतिको लागि उचित संयन्त्र बनाउनुपर्ने, त्यसका लागि सरकारले उचित व्यवस्थापन सहजीकरण र आवश्यक स्रोत-साधन जुटाइदिनुपर्ने अधिकार;

(घ) आदिवासी जनजातिको जनजीवन, आस्था, विश्वास र निजहरुले भोगचलन गरि आएको कार्यक्रमहरुको तर्जुमा, कार्यान्वयन र त्यसको मूल्याङ्कनमा सहभागी हुन पाउने अधिकार ।[११]

सम्पदा संरक्षणका सम्बन्धमा आदिवासी जनजातिको विशेष भूमिकालाई स्वीकार गर्नुले संरक्षणको उद्देश्यलाई अवश्य नै अझ बढावा दिनेछ । वास्तवमा हाल राष्ट्रिय सम्पदाको संरक्षण तथा संवर्द्धनमा विभिन्न निकायहरु विभिन्न किसिमले संलग्न रहेका छन् । सम्बन्धित कानुनलाई समयसापेक्ष बनाउनु पर्ने तथा त्यस सम्बन्धमा द्रुततर गतिमा विकास हुँदै गरेका महासन्धि तथा प्रचलित नरम नियमहरु (सफ्ट नर्म्स) बमोजिम सुधार गर्दै लानुपर्ने विषय त छँदै छ । तर हालको व्यवस्थामा केन्द्र तथा प्रदेशलगायत सम्पूर्ण मुलुकमा परामर्शदातृ क्षेत्राधिकार भएको एउटा राष्ट्रिय सम्पदा परिषद्को संवैधानिक व्यवस्था गर्नु जरुरी छ । हालसम्म राष्ट्रिय सम्पदाको संरक्षण तथा संवर्द्धनका लागि बहुनिकाय दृष्टिकोण (मल्टीपल एजेन्सी एप्रोच) राखिएको भएपनि यसप्रकारको केन्द्रीय निकायको परिकल्पना गरिएको भने देखिँदैन ।[१२] तर कहीँ न कहीँ यस प्रकारको निकायको व्यवस्थाको अभावमा केन्द्रीय सरकारले आफ्नो उत्तरदायित्व दक्षतापूर्वक निर्वाह गर्न तथा विभिन्न निकायहरुबाट भइरहेको कामकारबाही तथा तिनको गुणस्तर नियन्त्रण (क्वालिटी कन्ट्रोल) कार्यमा समन्वयात्मक भूमिकाको अभाव रहिरहने हुन्छ । वास्तवमा माथि उल्लेख भएबमोजिम अस्ट्रेलियाले अस्ट्रेलियन हेरिटेज काउन्सिल एक्ट, २००३ अन्तर्गत अस्ट्रेलियन हेरिटेज काउन्सिलको व्यवस्था गरेबाट परिवर्तित सन्दर्भमा नेपालले पनि यो विकल्पलाई अध्ययन गर्न सक्दछ । यस वर्षको पूर्वार्द्धमा भारतले पनि केन्द्रीय संसद्मा यसै बमोजिमको एउटा विधेयक प्रस्तुत गरेको रेकर्ड हेर्न सकिन्छ । हालसम्म पारित हुन नसकेपनि भारत सरकारको यस सम्बन्धमा एउटा स्पष्ट दृष्टिकोण अगाडि आइसकेको देखिन्छ ।

---

[११] यी प्रावधानहरु यस लेखकद्वारा प्रस्तावित तथा कन्सोर्टियम अफ कन्स्टिट्युस्नल एक्स्पर्टसद्वारा प्रकाशित *नेपालको नमुना संविधान, २०६६* को धारा २०५ (४) मा उल्लेख गरिएका छन् ।

[१२] See Bipin Adhikari, *"Loose Ends: Constituent Assembly"* in The Kathmandu Post, October 22, 2009 at 6 (arguing for such a council)

नेपालको आफ्नै प्रकारको यथार्थता तथा राजनैतिक परिस्थिति छ । ती यथार्थता तथा राजनैतिक परिस्थितिलाई अध्ययन गरेर मात्र कस्तो बनोट तथा क्षेत्राधिकार भएको परिषद् निर्माण गर्ने भन्ने विषयको टुङ्गो लगाउनु पर्ने हुन्छ । यदि राष्ट्रिय सम्पदा परिषद्को व्यवस्था गर्ने हो भने यसलाई नेपाल सरकारको तथा सबै प्रादेशिक क्षेत्रहरुको स्वतन्त्र विशेषज्ञ परामर्शदाताहरुको समूहको रुपमा निर्माण गर्नुपर्ने हुन्छ । यस्तो परिषद्लाई महत्वपूर्ण सम्पदासम्बन्धी कार्यक्रमहरु सम्बन्धमा सल्लाह दिने, नीति निर्माण गर्न मद्दत पुऱ्याउने तथा मूल्याङ्कन गर्ने जिम्मेवारी दिन सकिन्छ । नेपालको सन्दर्भमा यसका प्रमुख जिम्मेवारी निम्नबमोजिम हुनसक्दछन्:

- राष्ट्रिय सम्पदाको पहिचान तथा मूल्याङ्कन गर्ने ।
- त्यस्तो राष्ट्रिय सम्पदालाई विश्वसम्पदा सूचीमा आवद्ध गर्नका लागि कारबाही चलाउनका लागि सल्लाह दिने
- राष्ट्रिय सरकार तथा प्रादेशिक क्षेत्रहरु दुवैसँग सम्बन्धित क्षेत्रको कानुन, नीतिनियम तथा व्यवस्थाको परिमार्जनका लागि सहयोग गर्ने ।
- सम्पूर्ण राष्ट्रिय सम्पदालाई आर्थिक रुपमा आयआर्जन गर्न गराउन वा व्यवसायिकरण गर्न गराउन विशेषज्ञ सुविधा उपलब्ध गराउने ।
- अन्तर्राष्ट्रिय सहयोगका लागि समेत पहल गर्ने ।

संविधानमा हरेक कुरा लेखेर साध्य हुँदैन । तर उपरोक्त बमोजिम राष्ट्रिय सम्पदा परिषद्को व्यवस्था गरिने हो भने प्रस्तावित संविधानमा त्यसलाई उल्लेखसम्म गरी अन्य विषयलाई सरकारको मातहतमा छोड्न सकिन्छ । नेपालको संविधान निर्माणको वर्तमानसम्मको चरणलाई हेर्दा नयाँ संविधानमा परम्परागत रुपमा कायम रही आएको राज्यका निर्देशक सिद्धान्तहरु भन्ने भाग नयाँ संविधानमा पनि कायमै रहने भन्ने विषयमा अब कुनै शंका छैन । अतः हालका लागि यस्तो प्रकारको परिषद्को व्यवस्था गरिने सम्बन्धमा उक्त निर्देशक सिद्धान्तहरुमै उल्लेख गरिदिए पुग्दछ । सामान्यतः यस प्रकारको परिषद्हरुमा प्राकृतिक सम्पदासम्बन्धी विषयका विज्ञहरु सदस्यका रुपमा छानिएका हुन्छन् । यसलाई विभिन्न जातजाति तथा पर्यावरणीय क्षेत्रका विशेषज्ञहरुको सहयोग प्राप्त भएको हुन्छ । यसका साथै यो निकाय केन्द्र तथा प्रदेश दुवैलाई प्रतिनिधित्व गर्न सक्ने किसिमको हुनु जरुरी हुन्छ । यसो भएमा उनीहरुले आफ्नो कार्यमा राष्ट्रिय दृष्टिकोण बनाउन सहज हुन्छ । अहिलेलाई यति नै पर्याप्त छ जस्तो लाग्दछ ।